बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ०३

आज मिति २०८३ साल असोज महिनाको ७ गते बुधबारका दिन बिहान ८:३० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउदज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको उपस्थितीमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पदमा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री सुरेश प्रसाद जैसी | प्र.प्र.अ./सचिव | |

आमन्त्रितः

१. श्री झनक रेग्मी प्रशासकीय अधिकृत

२.

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ३

---

<u>प्रस्तावहरु:</u>

१. गाउँ शिक्षा समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

२. विधेयक तर्जुमाको अवधारणा पत्र स्वीकृत गर्ने सम्बन्धमा ।

३. कार्यविधि टेबल गर्ने सम्बन्धमा ।

४. योजना तयार गर्ने सम्बन्धमा ।

(क) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

(ख) स्थानीय विपद् तथा जलवायु उत्थानशीलता योजना

५. प्रशासकीय भवनको उद्घाटन सम्बन्धमा ।

६. गाम्रिण सडक सरसफाई गर्ने सम्बन्धमा ।

७. "घ" वर्गको निर्माण व्यवसायीलाई ईजाजत प्रदान गर्ने सम्बन्धमा ।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ३

निर्णयहरुः

१. गाउँ शिक्षा समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८३।०६।०६ गतेको बैठकबाट पारित भई स्वीकृतिका लागी गाउँ कार्यपालिका बैठकमा सिफारिस भै आएका निर्णयहरु प्रचलित शिक्षा ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुकुल भएकाले देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

देहायः

निर्णय नं. २ ; तलब भत्ता सम्बन्धमा ।

प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिकाको शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० (पहिलो संशोधन सहित) अनुसार नियुक्त भएका शिक्षकहरुको आ.व. २०८३/०८४ मा देहायको तलबभत्ता र अन्य सुविधा स्वीकृतिका लागि गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | शिर्षक | तहगत सुविधा | | |
|---|---|---|---|---|
| | | आधारभूत तह कक्षा (६-८) | माध्यमिक तह कक्षा (९-१०) | माध्यमिक तह कक्षा (११-१२) |
| १. | मासिक तलबभत्ता (रु.मा) | ३०,०००।- | ३५,०००।- | ४०,०००।- |
| २. | चाडपर्व खर्च | प्रचलित कानुन अनुसार | | |
| ३. | पोशाक भत्ता | प्रचलित कानुन अनुसार | | |

निर्णय नं. ३ : विद्यालय शिक्षण सिकाइ अनुदान वितरणका लागि सिफारिस सम्बन्धमा ।

प्रस्ताव न. ३ माथि छलफल गर्दा शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० (पहिलो संशोधन सहित) को व्यवस्था बमोजिम शुन्य दरबन्दी, न्यून दरबन्दी, विषयगत दरबन्दी र विद्यार्थी संख्या बढी भई शिक्षक दरबन्दी नभएका विद्यालयहरुलाई विषयगत दोहोरोपना नपर्ने गरी विद्यालयको आवश्यकता अनुसार पदपूर्ती गर्न तपसिल बमोजिम विद्यालयलाई देहायका अनुदान कोटा वितरणका लागि गाउँ कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय पारित गरियो ।

तपसिलः

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः 3

| क्र.स. | विद्यालयको नामको नाम र ठेगाना | अनुदान उपलब्ध गराइने तह | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आधारभूत तह कक्षा (६-८) | माध्यमिक तह कक्षा (९-१०) | माध्यमिक तह कक्षा (११-१२) | |
| १. | श्री बालकल्याण आ.वि. काँडाकोट, दर्ना | २ ओटा | - | - | |
| २. | श्री ऐश्वर्य मा.वि. दर्ना | - | - | २ ओटा | |
| ३. | श्री विन्ध्यवासिनी मा.वि. माझेठाना, दर्ना | - | - | २ ओटा | |
| ४. | श्री सरस्वती मा.वि. जयगढ | - | १ ओटा | - | |
| ५. | श्री जनज्योती आ.वि. धारासैन | १ ओटा | - | - | |
| ६. | श्री शान्तीकोट आ.वि. बाँच्कोट | १ ओटा | - | - | |
| | जम्मा | ४ ओटा | १ ओटा | ४ ओटा | |

साथै, माथि उल्लेखित गाउँ शिक्षा समितिको बैठकको निर्णय नं. २ बमोजिमको सेवा सुविधा आ.व. २०८३।०८४ का लागी शिक्षा, यूवा तथा खेलकुद शाखाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत "विद्यालय शिक्षण सिकाई अनुदान" शीर्षकबाट सम्बन्धित विद्यालयहरुलाई निकासा गर्ने निर्णय गरियो ।

२. <u>विधेयकको अवधारणा पत्र स्वीकृत गर्ने सम्बन्धमा ।</u>

यस बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्र वातावरणीय स्वच्छता तथा सन्तुलन कायम गर्दै वातावरण संरक्षण, प्राकृतिक स्रोतको दिगो तथा प्रभावकारी उपयोग गर्न आवश्यक देखिएकोले "बान्नीगढी जयगढ गाउँपालिकाको वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी विधेयक" तर्जुमा गर्न आजको बैठकमा पेश भएको अवधारणा पत्र स्विकृत गर्ने निर्णय गरियो ।

बैठक संख्या: ३

३. कार्यविधि टेबल गर्ने सम्बन्धमा ।

बान्नीगढी जयगढ गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह, पारदर्शिता, नागरिकप्रतिको जवाफदेहिता तथा सुशासन प्रवर्धन गर्ने उद्देश्यले तर्जुमा गरिएको "सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धी कार्यविधि, २०८३" लाई आजको बैठकमा टेबल गर्ने निर्णय गरियो ।

४. योजना तर्जुमा गर्ने सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिकाको क्षेत्रभित्र हुन सक्ने विभिन्न प्राकृतिक तथा गैर प्राकृतिक विपद्का घटनाबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्नका लागि विपद पूर्वतयारी, विपद जोखिम न्यूनीकरण, प्रभावकारी प्रतिकार्य तथा पुनःस्थापनाका कार्यलाई व्यवस्थित एवं समन्वयात्मक रूपमा सञ्चालन गर्न आवश्यक भएकाले देहाय बमोजिमका योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो;

देहायः

(क) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना ।

(ख) स्थानीय विपद् तथा जलवायु उत्थानशीलता योजना ।

५. प्रशासकीय भवन उद्घाटन सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनको औपचारिक उद्घाटन कार्यक्रम वि.सं. २०८३ साल मंसिर २ गते आयोजना गर्ने निर्णय गरियो । साथै, उक्त उद्घाटन कार्यक्रमलाई व्यवस्थित, मर्यादित तथा प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक तयारी, व्यवस्थापन, समन्वय तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्य गाउँपालिकाको कार्यालयले प्रचलित कानून बमोजिम गर्ने निर्णय गरियो ।

६. ग्रामीण सडक सरसफाइ गर्ने सम्बन्धमा ।

नजिकिदै गरेको दशैं तिहारलाई मध्यनजर गरी सर्वसाधारणको आवागमनलाई सहज र सुरक्षित बनाउँन वर्षायाममा गाउँपालिका भित्रका विभिन्न ग्रामीण सडकहरूमा माटो, ढुङ्गा, पहिरो तथा अन्य अवरोधका कारण बिग्रिएका/भत्किएका सडकहरूको सरसफाइ गर्न, अवरोध हटाउन तथा तत्काल सञ्चालन योग्य बनाउनका लागी देहाय बमोजिमका कार्य गर्ने निर्णय गरियो;

देहायः

- गाउँपालिका क्षेत्रभित्रका मुख्य तथा बढी आवागमन हुने सडकहरूलाई प्राथमिकतामा राखी नियमित रूपमा सडक सरसफाइ तथा आवश्यक मर्मत सम्भार गर्ने । सडक सरसफाईको कार्य जयगढ नन्देगडा सडकबाट शुरु गरी वडा नं. ६ का सडकहरु हुँदै क्रमशः वडा नं. १ का सडकहरुमा पुगी सम्पन्न गर्ने ।

- सडक सरसफाइ तथा व्यवस्थापन कार्यलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक पर्ने इन्धन अभाव हुन सक्ने अवस्थालाई मध्येनजर गरी प्रचलित कानून तथा स्वीकृत बजेटको सीमाभित्र रही इन्धन खरिद गरी सुरक्षित रूपमा भण्डारण गर्ने तथा आवश्यकता अनुसार प्रयोग गर्ने व्यवस्था स्टोर इकाईले मिलाउने ।
- सडक सरसफाई कार्यका लागि प्राविधिक इस्टिमेट पूर्वाधार विकास शाखा अन्तर्गत सम्बन्धित वडामा कार्यरत प्राविधिक कर्मचारीहरुले बनाउने, आवश्यक जनशक्ति, उपकरण तथा सवारी साधनको उचित परिचालन प्रशासन शाखाले गर्ने र भएको कामको अभिलेख र अनुगमनको व्यवस्था योजना तथा अनुगमन इकाईले गर्ने ।
- साथै, सडक सरसफाइको क्रममा यस बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ३ स्थित धामीगाउँ-लुहारवाडा-भुलवाडा टोलमा साबिकको पुरानो गोरेटो बाटो रहेको स्थानलाई मोटरबाटोमा स्तरोन्नती गर्न करिब एक सय मिटर जति नयाँ ट्र्याक खोल्ने ।

७. **“घ” वर्गको निर्माण व्यवसायीलाई ईजाजत प्रदान गर्ने सम्बन्धमा ।**

यहि मिति २०८३।०६।०६ गते बान्नीगढी जयगढ गाउँपालिका वडा नं. १ निवासी राम बहादुर थापाले आफ्नो नाममा भएको डायमण्ड बर्दादेवी कन्स्ट्रक्सन प्रा.लि. लाई “घ” वर्गको निर्माण इजाजत पाउँ भनी पेश गरेको निवेदन उपर छलफल गर्दा निजले नियमानुसार पेश गर्नुपर्ने कागजात पेश गरेको तथा पूर्वाधार विकास शाखाबाट समेत उक्त कम्पनीलाई इजाजत दिन मिल्ने भनी सिफारिश गरेकोले यस गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायीलाई ईजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ को दफा ३ बमोजिम उक्त निर्माण कम्पनीलाई “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।